# ………… खानेपानी उपभोक्ता तथा सरसफाई समितिको
# विधान- २०८०

**प्रस्तावनाः**

खानेपानी उपभोक्ता समितिको मुल्य मान्यता र सिद्धान्त अनुरुप समुदायको आधारभूत आवश्यकताहरु पूरा गर्न गाउँकै मानिसहरु संगठित भई जनसहभागिताबाट स्थानीय विकास निर्माणका कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो । यसै सन्दर्भमा स्याङ्जा जिल्ला विरुवा गाउँपालीका वडा नं. ……., …………मा अतिआवश्यक पर्ने स्थानहरुमा समेत कार्यक्रम सञ्चालन गर्ने चाहना र आवश्यकतालाई आफ्नै थलोमा बसी कार्यक्रमहरुको छनौट गरी कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, समीक्षा, मूल्याङ्कन, सञ्चालन र मर्मत—संभार समेत स्थानीय स्तरमा नै गर्ने सेवामूलक स्वायत्त उपभोक्ता समितिको स्थापना गर्न वाञ्छनीय देखिएकोले गाउँवासीहरुको तत्परतामा यो विधान तर्जुमा गरी **………… खानेपानी उपभोक्ता तथा सरसफाइ समिति** गठन गरि यो विधान पारित गरिएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम, ठेगाना, कार्यक्षेत्र र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** यस विधानको नाम "**………… खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको विधान २०८०**" रहने छ ।

(१) समितिको नामः यस समितिको नाम "**………… खानेपानी उपभोक्ता तथा सरसफाइ समिति** रहने छ ।

(२) समितिको ठेगानाः यस समितिको ठेगाना विरुवा गाउँपालिका वडा नं. ….., ….., स्याङ्गजा रहनेछ ।

(३) समितिको कार्यक्षेत्रः यस समितिका कार्यक्षेत्र वडा नं. …… मा विरुवा गाउँपालिकाबाट गठित ……. नं. टोलको भौगोलिक कार्य क्षेत्र रहने छ ।

(४) मूलको विवरण तथा सिमाना

क) पूर्वः ……………..

ख) पश्चिमः .............................

ग) उत्तरः .................................

घ) दक्षिणः ...............................

(५) मुहानरहेको जग्गाको किसिमः .......................

(६) यो विधान विरुवा गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा प्रयोग भएका शब्दहरुको अर्थ निम्नानुसार हुनेछ ।

(१) **"विधान"** भन्नाले ........................ खानेपानी उपभोक्ता तथा सरसफाई समिति विरुवा गाउँपालिका वडा नं. ........., ............, स्याङ्जाको विधान, २०८० लाई सम्झनु पर्दछ ।

(२) "समिति" भन्नाले यस विधान बमोजिम गठन भएको ............ खानेपानी उपभोक्ता तथा सरसफाई समिति विरुवा गाउँपालिका वडा नं. ......., ........., स्याङ्जालाई सम्झनु पर्दछ ।

(३) “समूह” भन्नाले यस उपभोक्ता समिति अन्तर्गत कार्यान्वयन भएका खानेपानी र सरसफाइ सुविधा बाट लाभान्वित हुने सम्पूर्ण उपभोक्ताहरुको समूहलाई जनाउँछ ।

(४) “नियम” भन्नाले यस विधान अन्तरगतको कार्यसमितिले बनाई लागू गरेको नियमलाई जनाउँछ ।

(५) “समिति” भन्नाले यस विधान अन्तर्गत गठित उपभोक्ता समितिलाई जनाउंछ ।

(६) “उपभोक्ता समितिका सदस्य” भन्नाले उपभोक्ता समितिको अध्यक्ष, सचिव, कोषाध्यक्ष र उपभोक्ता समितिका अन्य सदस्यलाई जनाउँछ ।

(७) “उपभोक्ता समितिका पदाधिकारी” भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई मात्र जनाउँछ ।

(८) “अध्यक्ष” भन्नाले यस विधान बमोजिम निर्वाचित अध्यक्षलाई जनाउँछ ।

(९) “उपाध्यक्ष” भन्नाले समितिको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(१०) “कोषाध्यक्ष” भन्नाले समितिको कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(११) “सचिव” भन्नाले समितिको सचिवलाई सम्झनु पर्दछ ।

(१२) “सदस्य” भन्नाले समितिका सदस्यलाई सम्झनु पर्दछ ।

(१३) “ऐन” भन्नाले विरुवा गाउँपालिका स्याङ्जाद्धारा स्वीकृत भएको **"विरुवा गाउँपालिकाको खानेपानी मुल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७"** लाई सम्झनु पर्दछ ।

(१४) “योजना” भन्नाले समितिको कार्य क्षेत्रमा सञ्चालन भएको वा हुने खानेपानी तथा सरसफाई सम्बन्धी सबै योजना/आयोजना/कार्यक्रमलाई सम्झनु पर्दछ ।

(१५) "गाउँपालिका" भन्नाले विरुवा गाउँपालिका स्याङ्जालाई सम्झनु पर्दछ ।

(१६) “बिषेश साधारणसभा” भन्नाले समितिको गठन/बिघटन, आर्थिक कारोवार, विधान निर्माण/संशोधन/खारेज, विपद्जस्ता गम्भिर अवस्था तथा बिषयमा बस्ने सभालाई संझनु पर्दछ ।

(१७) “उपसमिति” भन्नाले यस विधान अनुसारको उपभोक्ता समितिअन्तर्गत गठित उपसमितिलाई जनाउँछ ।

(१८) “सहयोगी संस्था” भन्नाले यस उपभोक्ता समितिलाई सामाजिक परिचालन र प्राविधिक कार्यमा सहयोग गर्ने गैह्र सरकारी संस्थालाई जनाउछ ।

(१९) “दातृसंस्था” भन्नाले यस संस्थालाई आर्थिक सहयोग गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी तथा गैह्र सरकारी संस्थाहरुलाई जनाउँछ ।

(२०) “उपभोक्ता” भन्नाले यस विधान अनुसार गठित समितिको योजनाबाट प्राप्त सेवा सुविधा उपभोग गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(२१) “क्षेत्र” भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता समितिले उपलब्ध गराउने सेवा सुविधा वा निर्माण गरिने स्थलले ढाक्ने भौगोलिक कार्यक्षेत्र सम्झनु पर्दछ । यस अन्तर्गत स्याङ्जा जिल्ला विरुवा गाउँपालीका वडा नं. ......., ..............का टोल गाउँहरु पर्दछन् ।

(२२) “योजना” भन्नाले यस विधान बमोजिम समितिले सञ्चालन गर्ने कार्यक्रमलाई जनाउँछ ।

(२३) “सेवाशुल्क” भन्नाले यस विधान अनुसार गठित समितिले सञ्चालन गरेको योजनाबाट सेवा उपभोग गरेवापत लाग्ने मासिक÷वार्षिक रुपमा उठाउने गरी तोकिएको रकम (नगदी वा जिन्सी वा अन्य) लाई जनाउँछ ।

३. **छापः** औपचारिक प्रयोगको निमित्त यस समितिको छाप अनुसूची १ मा उल्लेख भए बमोजिमको हुनेछ ।

४. **कार्यालयः** समितिको कार्यालय विरुवा गाउँपालीका वडा नं. ..........., .................. राखिनेछ ।

## परिच्छेद २
## उद्देश्य

**५. उपभोक्ता समितिको उद्देश्यः** यसको मुख्य उद्देश्य प्रचलित कानूनको परिधिभित्र रही कार्य सञ्चालन गर्ने गरी निम्नानुसार हुनेछ ।

(१) आफ्नो क्षेत्रमा सञ्चालन हुन लागेको खानेपानी तथा सरसफाइ योजनाका उपभोक्ताहरुलाई संगठीत गर्ने ।

(२) आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई परेको खाँचो पूरा गर्न क्षेत्रको आवश्यकता छनौट गरी कार्यान्वयन गर्ने ।

(३) आफ्नो क्षेत्रमा सञ्चालन हुने सबै विकास—निर्माणका कामका लागि योजनाका सबै उपभोक्ताहरुलाई सहभागी बनाउने ।

(४) आफ्नो क्षेत्रमा कार्यान्वयन पूरा भएका भएका योजनाको समय समयमा चालिने मर्मत, सम्भार, रेखदेख तथा फाइदा बाँडफाँड ब्यवस्था न्यायोचित गरिकाले गर्ने ।

(५) आफ्नो क्षेत्रमा कार्यान्वयन हुने योजना छनौट, तयारी, कार्यान्वयन आदि कामका लागि चाहिने पूँजी, श्रम र साधनको ब्यवस्था गर्ने । यी श्रोतको परिचालनको ब्यवस्था समेत गर्ने ।

(६) खानेपानी तथा सरसफाई योजना कार्यक्रमको प्रभावकारी व्यवस्थापन तथा नियमित सञ्चालन गर्नु ।

(७) उपभोक्ताहरुलाई खानेपानी तथा सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि गर्नु ।

(८) कोषको व्यवस्था गर्नु, ऐन बमोजिम कोषबाट रकम खर्च गर्नु, लेखा राख्नु, लेखा परीक्षण गर्नु गराउनु ।

(९) ऐनमा व्यवस्थित समितिसँग सबन्धित प्रावधानको पूर्ण पालना तथा कार्यान्वयन गर्नु ।

(१०) समितिको कार्यक्रम र नीति यस विधानको अधीनमा रही समितिले तोके अनुसार हुनेछ ।

(११) विरुवा गाउँपालिका वा गाउँकार्यपालिकाको कार्यालयको निर्देशनको पालना वा विरुवा गाउँपालिका र गाउँकार्यपालिकाको कार्यालयले तोकेका अन्य कार्य गर्नु ।

(१२) भौगोलिक कार्यक्षेत्र भित्रका खानेपानी एवं सरसफाई सँग सम्बन्धित सबै समितिलाई भित्र एकीकृत गर्नु ।

## परिच्छेद ३
## सभा, बैठक, कार्यप्रणाली र निर्णय

**६. सभा सम्बन्धी व्यवस्थाः**

(१) उपभोक्ता भेलाले गठित समिति विरुवा गाउँपालिकामा दर्ता भएपश्चात सो समितिले एक महिना भित्र अनिवार्य रुपमा प्रारम्भिक साधारण सभा हुनेछ , प्रत्येक आर्थिक बर्ष पुरा भए पश्चातको तीन महिना भित्रमा बार्षिक साधारण सभा सम्पन्न हुनुका साथै सो बाहेक अन्य बिशेष अवस्था परेमा जुनसुकै समयमा समितिको बिशेष सभा बस्न सक्ने छ ।

(२) समितिको अध्यक्षको निर्देशनमा सचिवले कम्तीमा अठ्चालीस घण्टा अघावै सभाका एजेण्डा सहित लिखित वा मौखिक वा मोवाईलको माध्यामबाट सभाका सदस्यलाई सभामा आमन्त्रण गर्नु पर्नेछ ।

(३) गणपुरक संख्याः कम्तीमा ५१ प्रतिशत उपभोक्ता सदस्य उपस्थित भएमा सभाको गणपुरक संख्या मानिने छ । गणपुरक संख्या नपुगेमा सात दिन भित्र पुनः बैठक बोलाउनुपर्ने छ । सभाको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ । निजको अनुपस्थितीमा उपाध्याक्षले सभाको अध्यक्षता गर्ने छ । उपाध्याक्ष समेत अनुपस्थित भएमा उपभोक्ताहरु मध्ये जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछ ।

(४) निर्धारित समयमा सभा नगरेमा २५ प्रतिशत उपभोक्ता सदस्यको लिखित निवेदनले समितिको अध्यक्ष वा उपाध्याक्ष वा सचिवले सात दिन भित्र सभा बोलाउनु पर्ने छ ।

(५) सभाका अध्यक्षले पुर्व निर्धारित कार्यसूची तथा एजेण्डाहरु सभामा प्रस्तुत गरी बहुमत सदस्यबाट पारित गराउनु पर्ने छ । अध्यक्षले समितिका सचिवलाई सभाबाट भएका निर्णयहरु को अभिलेख खडा गर्न लगाई प्रमाणित गर्नु पर्ने छ । यस सम्बन्धीका अभिलेखहरु सचिवले सुरक्षित गरी राख्नु पर्नेछ ।

**७. समिति गठन सम्बन्धी व्यवस्थाः** उपभोक्ता समितिको गठन निम्न प्रकृयाबाट हुनेछ ।

(१) उपभोक्ता समितिको गठन आमभेलाबाट गरिनेछ । यस्तो आम भेला आयोजना गर्दा कम्तिमा सात दिन अगाडि सबै उपभोक्ताहरुलाई जानकारी गराइनेछ । भेलाको स्थान र समय सवै (महिला, पुरुष) लाई उपयुक्त हुने किसिमले निर्धारण गरिनेछ ।

(२) उपभोक्ता समिति गठन गर्दा योजना क्षेत्रका सवै भागबाट समान प्रतिनिधित्व हुने किसिमले गरिनेछ ।

(३) उपभोक्ता समितिमा सबै जातीय समुदायको समान प्रतिनिधित्व रहनेछ ।

(४) उपभोक्ता समितिगठन गर्न आयोजित आम भेलामा योजनाबाट लाभान्वित हुने घरबाट कम्तिमा ७५ प्रतिशत घरको प्रतिनिधित्व अनिवार्य गरिएको छ । उपस्थित संख्याको कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गरिनेछ ।

(५) उपभोक्ता समितिमा महिलाहरुको समान प्रतिनिधित्व कायम गर्न उपभोक्ता समितिगठन गर्दा महिला र पुरुषको छुट्टाछुट्टै भेला आयोजना गरी कम्तिमा एकजना पदाधिकारी रहने गरी कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता गराइनेछ ।

(६) गठन भैसकेका उपभोक्ता समितिको पुनर्गठन गर्दा समेत उपरोक्त माथि कै प्रकृया अवलम्बन गरिनेछ ।

(७) सभाका सदस्यहरुले आफुमध्येबाट सर्वसम्मत वा निर्वाचन गरी कार्यकारी निकायको रुपमा देहायको समिति गठन गर्नेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरु | ४ |

(८) उपदफा (७) बमोजिम समिति गठन गर्दा अध्यक्ष, सचिब, कोषाध्याक्ष मध्य कुनै एक पद सहित कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यहरु रहने छन् ।

(९) समितिको कार्यकाल दुई बर्षको हुनेछ ।

(१०) समितिको बैठक प्रत्येक चार महिनाको एक पटक बस्नेछ । अध्यक्षको निर्देशनमा सचिवले कम्तीमा चौवीस घण्टा अगावै एजेण्डा सहित लिखित वा मौखिक वा मोवाईल(एस एम एस)को माध्यामबाट समितिका सदस्यलाई बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

(११) गणपुरक संख्याः कम्तीमा ५१ प्रतिशत उपभोक्ता सदस्य उपस्थित भएमा समितिको गणपुरक संख्या मानिने छ । गणपुरक संख्या नपुगेमा तीन दिन भित्र पुनः बैठक बोलाउनुपर्ने छ ।

(१२) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ । निजको अनुपस्थितीमा उपाध्याक्षले सभाको अध्यक्षता गर्ने छ । उपाध्याक्ष समेत अनुपस्थित भएमा उपभोक्ताहरु मध्ये जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछ ।

(१३) निर्धारित समयमा बैठक नवोलाएमा २५ प्रतिशत उपभोक्ता सदस्यको लिखित निवेदनले समितिको अध्यक्ष वा उपाध्याक्ष वा सचिवले तीन दिन भित्र बैठक बोलाउनु पर्ने छ ।

(१४) अध्यक्षले पुर्व निर्धारित कार्यसूची तथा एजेण्डाहरु समितिमा प्रस्तुत गरी बहुमत सदस्यबाट पारित गराउनु पर्ने छ । अध्यक्षले सचिवलाई सभाबाट भएका निर्णयहरु को अभिलेख खडा गर्न लगाई प्रमाणित गर्नु पर्ने छ । यस सम्बन्धीका अभिलेखहरु सचिवले सुरक्षित गरी राख्नु पर्नेछ ।

(१५) यस विधानमा लेखिएका सबै कार्यहरु कार्यकारी निकायको रुपमा समितिको नामबाट सम्पादन हुनेछन् ।

८. **समितिहरु एकीकरण र यसका आधारहरुः** भौगोलिक कार्यक्षेत्र भित्र रहेका यस सम्बन्धीका अन्य समितिहरु लागत सहभागिता, भूमिका निर्वाहा, जोखिम बहन, लाभ वितरणका आधारमा आपसी समझदारीमा एकीकरण गर्न सक्ने छन् । एकीकरणपुर्व कुनै समितिको कोषमा संञ्चित रकमलाई आपसी सहमतीबाट मिलान गरी परिचालन गरिने छ ।

९. **समितिको काम कर्तव्य र अधिकारः** यस विधानमा उल्लेखित उदेश्य कार्यान्वयन गर्नु समितिको मुख्य कामकर्तव्य र अधिकार हुनेछ । समितिको अन्य काम कर्तव्य अधिकार काम, कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछन्।

(१) यस ऐनको पूर्ण पालना गर्नु ।

(२) समितिको विधान पालना गर्नु ।

(३) उपभोक्ताको अध्यावधिक विवरण राख्नु ।

(४) तोकिएको खानेपानी शुल्क नियमित रुपमा संकलन गर्नु ।

(५) खानेपानी वितरण प्रणाली प्रभावकारी रुपमा सञ्चालन गर्नु ।

(६) खानेपानीको गुणस्तर कायम गर्नु, खानेपानीको मुहान समय समयमा सरसफाई गर्नु ।

(७) योजनाको नियमित सञ्चालन र मर्मत—सम्भारको लागि पानी शुल्क तोक्ने, मर्मत सम्भार कार्यकर्ताको पारिश्रमिक निर्धारण गर्ने ।

(८) योजनामा समय—समयमा आईपर्ने मर्मत सम्भारका कार्यहरु गर्ने,

(९) अत्यावश्यक जगेडा पार्टपूर्जाहरु अग्रीम रुपमा खरीद गरी राख्ने,

(१०) मर्मत—सम्भार कोषको परिचालन गर्न नियम बनाई कार्यान्वयन गर्ने,

(११) स्वास्थ्य र सरसफाइ कार्यक्रमलाई निरन्तर रुपमा लागू गर्ने,

## परिच्छेद ४
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१०. अध्यक्षको काम, कर्तब्य र अधिकारः**

(१) समितिले सुम्पेको सम्पूर्ण काम, कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने।

(२) समितिको बैठकको अध्यक्षता गर्नुका साथै तोकिएको अवस्थामा मात्र निर्णायक मत दिने ।

(३) समितिलाई सक्रीय नेतृत्व प्रदान गरी समितिको उद्देश्य पूरा हुने कुराहरुमा सम्पर्क बढाउने र साधन जुटाउन सघाउने ।

(४) समितिको दैनिक कार्य सञ्चालनको निमित्त निर्देशन दिने र आकस्मिक अवस्थामा निर्णय लिने ।

(५) समितिको बैठक आवश्यकता अनुसार बोलाउने ।

(६) बैठकका लागि छलफल गर्ने विषयहरु तयार गर्ने ।

(७) समितिले गरेका निर्णयहरु कार्यान्वयन गराउने ।

(८) सरकारी र गैह्र सरकारी निकायसँग सम्बन्ध राखी श्रोतको व्यवस्था गर्ने ।

(९) उपभोक्ताहरुको योजना सम्बन्धी कामका लागि सहभागिता जुटाउने ।

(१०) योजनाको चल अचल सम्पत्ति हेरविचार गर्ने गराउने ।

(११) आफू अनुपस्थित भएमा आफ्नो कार्यभार उपाध्यक्ष वा कुनै सदस्यलाई दिने ।

**११. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने ।

(२) समितिको नियमावली र कार्य पद्धतिमा उल्लेखित उद्देश्य हासिल हुने काम गर्ने

(३) समितिले तोकेका अन्य काम गर्ने ।

**१२. सचिवको काम, कर्तव्य र अधिकारः**

(१) समितिको कार्यक्रम र काम कार्यवाहीलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न कार्यालय व्यवस्थापनको काम गर्ने ।

(२) समिति र समितिको बैठकको लागि आवश्यक तयारी व्यवस्था मिलाउने ।

(३) समिति र समितिको निर्णय बैठक—कापीमा लेख्ने ।

(४) प्रत्येक बैठकको निर्णय सबै सदस्यहरुलाई जानकारी गराउने ।

(५) योजनाको कार्यान्वयन सम्बन्धमा राख्नुपर्ने सबै श्रेस्ताहरु राख्ने र सोको जानकारी बैठकमा पेश गर्ने ।

(६) आफ्नो उपक्षेत्रका उपभोक्ताको योजना सम्बन्धी सहभागिता जुटाउने ।

(७) समितिले तोकेका अन्य काम गर्ने ।

**१३. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) योजनाको आर्थिक कारोवारको रेखदेख र नियन्त्रण गर्ने ।

(२) आम्दानी—खर्च र बजेट समितिमा पेश गरी पारित गराउने ।

(३) समितिले असुल गर्नुपर्ने शुल्कहरु असुल गर्ने र भुक्तानी लिनु दिनु पर्ने हिसाब मिलाउने ।

(४) लेखा परीक्षण गराउने ।

(५) योजनाका लागि पाइने श्रम, सीप, पूँजी र साधनहरु प्राप्त भएको श्रम, सीप, पूँजी र सामग्री जस्तैः उपभोक्ताहरु, दातृसंस्था आदिको श्रेस्ता ठीक ठीक तरिकाले राख्ने ।

(६) प्राप्त भएको श्रम, सीप, पूँजी र सामग्री कुन कामका लागि प्रयोग भयो र कति बाँकी छ भन्ने हिसाब राख्ने ।

(७) योजनालाई प्राप्त श्रम, सीप, पूँजी र सामग्रीको जिम्मा लिने र यसको प्रयोगको उपभोक्तासमितिबाट फरफारक लिने ।

(८) आफ्नो उपक्षेत्रका उपभोक्ताको योजना सम्बन्धी जुनसुकै कामका लागि सहभागिता जुटाउने ।

(९) समितिले तोकेका अन्य काम गर्ने ।

**१४. सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

(१) योजना कार्यान्वयन स्थितिको निरीक्षण गर्ने ।

(२) योजनाको कार्यान्वयन र सुचारु रुपले सञ्चालन गर्न चाहिने श्रम, सीप, पूँजी र सामग्रीको मात्रा निधो गर्ने ।

(३) आवश्यकता अनुसार आफ्नो उपक्षेत्रका उपभोक्ताहरुको सहभागिता जुटाउने ।

(४) योजनाको स्थिति आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई अवगत गराउने ।

(५) समितिले तोकेका अन्य काम गर्ने ।

## परिच्छेद ६

## कोषको तथा खाता सञ्चालन र लेखापरीक्षण

**१५. आर्थिक श्रोतः**

(१) करार र सम्झौता अन्तर्गत अन्य संस्थाहरुबाट प्राप्त हुने रकम र अनुदान ।

(२) उपभोक्ताहरुबाट योजनाको सेवा सुविधा उपभोग गरेवापत प्राप्त रकम, सेवा शुल्क, दण्ड जरीवाना र अनुदान ।

(३) सरकारी गैह्र सरकारी संस्था एवं स्थानीय दातृसंस्थाहरुबाट प्राप्त हुने अनुदान सहयोग र भौतिक साधन ।

(४) जनसहभागिता बाट प्राप्त हुने श्रम, पूँजी र सामग्रीहरु ।

(५) उपभोक्ता समितीलाई कुनै स्रोतबाट प्राप्त चन्दा, पुरस्कार, आर्थिक सहायता तथा अनुदान रकम ।

(६) गाउँपालिकाबाट समितिलाई उपलब्ध गराएको कुनै किसिमको रकम ।

(७) समितिलाई कुनै श्रोतबाट प्राप्त चन्दा, पुरस्कार, आर्थिक सहायता तथा अनुदान ।

(८) दण्ड जरीवानाबाट उठेको रकम ।

(९) समितिले प्राप्त गरेको ऋण ।

(१०) उपभोक्ताहरुबाट उठाइएको पानी महशुल लगायतको रकम ।

(११) निर्माण वा अन्य श्रोतहरुबाट आयोजनामा बचत भएको रकम ।

(१२) समिति वा गाउँपालिकाबाट तोकीदिए बमोजिम खानेपानी उपभोक्ताबाट संकलित सेवा शुल्क ।

(१३) ब्याज प्राप्त रकम तथा समितिमा बचत भएको अन्य कुनै रकम ।

**१६. खाता सञ्चालन तथा खर्च क्षेत्र सम्बन्धी व्यवस्थाः** समितिको आफ्नै छुट्टै कोष हुनेछ । समितिको सम्पूर्ण खर्च यसै कोषबाट गरिनेछ । बैङ्क खाता सञ्चालन, अध्यक्ष, सचिब, कोषाध्याक्ष संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । समितिले निर्धारण गरेको कार्यनीति अनुसार कोषाध्यक्षको रेखदेख र सुपरिवेक्षणमा कोषको उपयोग गरिने छ । समय समयमा, समितिले,

कोषको उचित उपयोग भए—नभएको जाँच गर्न र आवश्यक निर्देशन दिन सक्नेछ । कोषमा जम्मा भएको कोषबाट समितिले निर्णय बमोजिम देहाएको क्षेत्रमा मात्र खर्च गरिनेछ

क. खानेपानीको योजना सञ्चालन गर्न ।

ख. खानेपानी योजनाको मर्मत संभार गर्न ।

ग. अन्य कुनै विकास निर्माण ।

घ. प्रशासनिक तथा साधारण खर्च गर्न ।

ङ. आकस्मिक कार्यमा खर्च गर्न ।

**१७. लेखा, लेखापरीक्षण तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः**

क. समितिले प्रत्येक आ.व. को कारोवार स्पष्ट रुपमा देख्न÷बुझ्न सकिने गरी कानून बमोजिमको आर्थिक कारोवार सहितकोलेखा र यसको अभिलेख राख्ने छ ।

ख. समितिले प्रत्येक आ.व.को आर्थिक तथा अन्य कारोवारको लेखाको सो आ.व.सकिएको तीन महिना भित्र दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराई कार्तीक महिना भित्र सो को प्रतिवेदन गाउँपालिकामा पेश हुनेछ ।

**१८. चल अचल सम्पत्ति व्यवस्थाः** समिति, अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठिक संस्था हुनेछ । यसले प्रचलित कानूनको अधीनमा रही चल—अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र बेच बिखन गर्न सक्नेछ । यसले आफ्नो नामबाट नालेस उजुर गर्न सक्ने र यस उपर पनि सोही नामबाट नालेस उजुर लाग्न सक्ने छ । यदी कुनै कारण समिति विघटन वा खारेज भएमा यसको चल अचल सबै सम्पत्ति गाउँपालिकामा सर्ने छ ।

**१९. लेखा परीक्षण सम्बन्धी व्यवस्थाः** समितिले प्रत्येक आ.व. को कारोवार स्पष्ट रुपमा देख्न/बुझ्न सकिने गरी कानून बमोजिमको आर्थिक कारोवार सहितको लेखा र यसको अभिलेख राख्ने छ । समितिले प्रत्येक आ.व.को आर्थिक तथा अन्य कारोवारको लेखाको सो आ.व.सकिएको तीन महिना भित्र दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराई कार्तीक महिना भित्र सो को प्रतिवेदन गाउँपालिकामा पेश हुनेछ

## परिच्छेद ७
## विविध

२०. **राजीनामाः** समितिका कुनै सदस्यले आफ्नो पदबाट अध्यक्ष समक्ष पेश गरेको राजीनामा स्वीकृत भएमा  सो खाली हुनेछ । उक्त पदमा जुन प्रकृयाबाट पूर्ती भएको थियो सोही प्रकृयाबाट पूर्ती गरिने छ । अध्यक्षले उपाध्याक्ष समक्ष राजीनामा दिन सक्नेछ ।

२१. **विधान संशोधन तथा नियमावली तर्जुमाः**

क. यस विधान संशोधन गर्नु परेमा साधारसभाबाट दुई तिहाइ बहुमतले पारीत गरी गाउँकार्यपलिकाले स्वीकृत लिई संसोधित विधान लागु हुनेछ ।

ख. समितिले यो विधान कार्यान्वयन गर्न आवश्यक नियम/ नियमावली बनाउने अधिकार उपभोक्ता समितिलाई हुनेछ । समितिले निर्माण गरेको नियम/नियमावली साधारणसभाले परित गरेपश्चात लागु हुनेछ ।

२२. **बचाउः**

क. यो विधान प्रारम्भ हुँदाका बखत बहाल रहेको समिति यसै विधान बमोजिम गठन भएको मानिने छ ।

ख. यो विधान प्रारम्भ हुँदाका बखत बहाल रहेको भेला वा उपभोक्ता समितिको निर्णयबाट सम्पादन भएका कार्यहरु यसै विधान बमोजिम भए गरेको मानिनेछ ।

२३. **उम्मेदवारको अयोग्यताः** देहायको कुनै व्यक्ति उपभोक्तासमितिको सदस्यको लागि निर्वाचित वा मनोनित हुन वा सो पदमा वाहाल रहन सक्ने छैन ।

क. २१ वर्ष उमेर नपुगेको ।

ख. मगज बिग्रेको भनी स्वीकृत चिकित्सकले निस्सा गरि दिएको ।

ग. नैतिक पतनको अभियोगमा अदालतबाट सजाय पाएको ।

घ. समितिको हित विपरीत काम—कारवाही गरेको प्रमाणित भएको ।

२४. **अविश्वासको प्रस्तावः** समितिको कुनै सदस्य उपर समितिमा अविश्वासको प्रस्ताव पेश गर्न सकिने छ । यस्तो परिस्थितिमा उपस्थित सदस्य  संख्याको दुई तिहाई बहुमतद्वारा त्यस्तो प्रस्ताव पारित गरेमा निजको सदस्यता समाप्त हुनेछ ।

२५. **विधान संशोधनः** विधान संशोधन गर्न आवरश्यक पर्न आएमा सो कुरा समितिमा पेश गरी सो सभाका सम्पूर्ण सदस्यहरुको दुई तिहाई बहुमतले पारित गरेमा सम्बन्धित निकायबाट स्वीकृति लिई संशोधित विधान लागू गरिने छ ।

२६. **समितिको प्रगति–प्रतिवेदन तथा अन्यः** समितिको प्रगति–प्रतिवेदनहरु समितिसँग सम्बन्धित निकायहरुमा सम्बन्धित निकायको माग तथा आवश्यकता अनुसार उपलब्ध गराइने छ ।

२७. **समितिको उद्देश्य र कार्यक्रम सम्बन्धी अन्य कुराहरुः**

क. कार्य समितिको सिफारिशमा गाउँपालीका वा दातृसंस्था समेत समाजका विशिष्ट व्यक्तित्व भएको सल्लाहकारसमिति गठन गर्न सकिने छ ।

ख. सल्लाहकार समितिले समितिलाई विकास कार्य सञ्चालन र नीति निर्धारण गर्ने कुरामा सल्लाह दिने छ ।

ग. समितिको उद्देश्यमा थपघट गर्नु परेमा समितिका सदस्यको निर्णयबाट पारित प्रस्ताव अनुसार सम्बन्धित निकायबाट स्वीकृति लिई कार्यान्वयनमा ल्याइने छ ।

२८. **नियमावलीमा उल्लेखित कुरा बाझेमा बदर हुनेः** यस विधानमा लेखिएका कुराहरु प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

२९. **दण्ड र जरिवाना सम्बन्धी व्यवस्थाः** उपभोक्ता समिति र समितिका सदस्यहरुमा अनुशासन कायम गर्न तल लेखिए अनुसार दण्ड सजाय गरिने व्यवस्था गरिएको छ ।

क. उपभोक्ता समिति वा समितिको बैठकमा विना जानकारी वा उचित कारण विना अनुपस्थित उपभोक्ताहरुलाई समितिले जरिवाना गर्न सक्नेछ । यदि यस्तो गल्ति पटक पटक दोहर्याएमा निजलाई बढी दण्ड सजाय गर्न सक्नेछ । जरिवाना के कस्तो गर्ने भन्ने निर्णय समितिले पारित गरे बमोजिम हुनेछ ।

ख. उपभोक्ताहरुले उपभोक्ता समितिवा समितिको बैठकले निधो गरे अनुसारको जनसहभागिता नजुटाएमा पनि दण्ड जरिवाना गर्न सक्नेछ । पटक पटक सहभागिता नजुटाएमा बढी जरिवाना गर्न सक्नेछ । यस्तो जरिवाना समितिले पारित गरे बमोजिम हुनेछ ।

ग. यदि योजनाको कसैले हानी नोक्सानी गरेमा समितिको बैठकबाट नोक्सान गरे बराबर वा बैठकको निधो अनुसार क्षतिपूर्ति भराईने छ ।

३०. **खर्च फरफारक गर्नेः** योजनाको निर्माण कार्य सम्पन्न भएपछि योजनासँग सम्बन्धित सबै आम्दानी खर्चहरु फरफारक गर्नु पर्नेछ ।

३१. **योजना हस्तान्तरण समितिलाई गर्नेः** योजनाको हिसाब फरफारक भएपछि कार्यालयले सम्पत्र भएको योजना समितिलाई हस्तान्तरण गर्नेछ ।

३२. **योजना सेवा सञ्चालन व्यवस्थाः** योजनाको निर्माण कार्य सम्पत्र भएपछि उपभोक्ताहरुमा सेवा सञ्चालन गरिनेछ । यसको लागि उपभोक्ताहरुबाट सेवा शुल्क लिन सकिनेछ ।

३३. **योजना मर्मत—संभार व्यवस्थाः** योजनालाई दिगो रुपले सञ्चालन गर्न नियमित र आकस्मिक मर्मत—संभारका व्यवस्था गरिनेछ ।

३४. उपभोक्ता समितिले उपभोक्ता समितिका पदाधिकारीहरुको काम कारवाही उपभोक्ताहरुको हित विपरित भएको पाएमा सो समिति खारेज गरी नयाँ गठन गर्न सक्नेछ ।

३५. उपभोक्ता समितिको सहमतिबाट समितिले नेपाल सरकार वा अन्य गैह्र सरकारी निकायसँग योजना सञ्चालन तथा कार्यान्वयन सम्बन्धमा सम्झौता गर्न सक्नेछ ।

३६. उपभोक्ता समिति भन्दा बाहिरका व्यक्तिहरु वा समुदायले योजनाबाट पाइने फाइदाहरु लिन चाहेमा सेवा शुल्क वा अन्य शर्तहरु कायम गरी त्यस्ता इच्छुक व्यक्ति वा समुदायलाई बैठक निर्णयले फाइदा उपभोग गर्न दिन सक्नेछ ।

३७. योजनासँग सम्बन्धित काम कारवाहीमा गाउँपालिका वा दातृसंस्था बाट सामूहिक पूँजी, श्रम, सामाग्री आदि प्रयोग हुन्छ भने गाउँपालिका का प्रतिनिधिलाई अनिवार्य रुपमा समिति वा समितिको बैठकमा सहभागी गराइनेछ ।

३८. **अन्य प्रचलित कानून बमोजिम हुनेः** यस विधानमा लेखिएका कुनै **विरुवा गाउँपालिकाको खानेपानी मुल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि,** २०७७ वा स्थानीय सरकार संचालन ऐन वा प्रचलित अन्य संघीय वा प्रदेश कानुनसँग बाझिन गएमा बाझिएको हद सम्म अमान्य हुनेछ र सो अवस्थामा यस विधानका व्यवस्था लागू हुने छैनन ।

अनुसूची-१

(परिक्षेद-१ को दफा ३ संग सम्बन्धित)

<u>उपभोक्त समितिको छाप</u>

विधान पारिति गर्ने समितिका सदस्य सहित भेलामा उपस्थित उपभोक्ता सदस्यको विवरण नाम थर ।

**कार्य समितिका पदाधिकारीहरु**

| क्र.सं. | नाम ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | अध्यक्ष | |
| २ | | उपाध्यक्ष | |
| ३ | | सचिव | |
| ४ | | कोषाध्यक्ष | |
| ५ | | सदस्य | |
| ६ | | सदस्य | |
| ७ | | सदस्य | |

आमभेलामा उपस्थित उपभोक्ता सदस्यहरु:

| क्र.स. | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |
| ११. | | | |
| १२. | | | |
| १३. | | | |
| १४. | | | |
| १५. | | | |
| १६. | | | |
| १७. | | | |
| १८. | | | |
| १९. | | | |
| २०. | | | |

| क्र.स. | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| २१. | | | |
| २२. | | | |
| २३. | | | |
| २४. | | | |
| २५. | | | |
| २६. | | | |
| २७. | | | |
| २८. | | | |
| २९. | | | |
| ३०. | | | |
| ३१. | | | |
| ३२. | | | |
| ३३. | | | |
| ३४. | | | |
| ३५. | | | |
| ३६. | | | |
| ३७. | | | |
| ३८. | | | |
| ३९. | | | |
| ४०. | | | |
| ४१. | | | |

| क्र.स. | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| ४२. | | | |
| ४३. | | | |
| ४४. | | | |
| ४५. | | | |
| ४६. | | | |
| ४७. | | | |
| ४८. | | | |
| ४९. | | | |
| ५०. | | | |
| ५१. | | | |
| ५२. | | | |
| ५३. | | | |
| ५४. | | | |
| ५५. | | | |
| ५६. | | | |
| ५७. | | | |
| ५८. | | | |
| ५९. | | | |
| ६०. | | | |
| ६१. | | | |
| ६२. | | | |

| क्र.स. | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| ६३. | | | |
| ६४. | | | |
| ६५. | | | |
| ६६. | | | |
| ६७. | | | |
| ६८. | | | |
| ६९. | | | |
| ७०. | | | |
| ७१. | | | |
| ७२. | | | |
| ७३. | | | |
| ७४. | | | |
| ७५. | | | |
| ७६. | | | |
| ७७. | | | |
| ७८. | | | |
| ७९. | | | |
| ८०. | | | |
| ८१. | | | |
| ८२. | | | |
| ८३. | | | |

| क्र.स. | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| ८४. | | | |
| ८५. | | | |
| ८६. | | | |
| ८७. | | | |
| ८८. | | | |
| ८९. | | | |
| ९०. | | | |
| ९१. | | | |
| ९२. | | | |
| ९३. | | | |
| ९४. | | | |
| ९५. | | | |
| ९६. | | | |
| ९७. | | | |
| ९८. | | | |
| ९९. | | | |
| १०० | | | |
| १०१. | | | |
| १०२ | | | |
| १०३. | | | |
| १०४ | | | |

| क्र.स. | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १०५ | | | |
| १०६. | | | |
| १०७ | | | |
| १०८ | | | |
| १०९ | | | |
| ११०. | | | |
| १११. | | | |
| ११२. | | | |
| ११३. | | | |
| ११४ | | | |
| ११५. | | | |
| ११६. | | | |
| ११७. | | | |
| ११८ | | | |
| ११९. | | | |
| १२० | | | |
| १२१. | | | |
| १२२. | | | |
| १२३. | | | |
| १२४ | | | |
| १२५. | | | |

| क्र.स. | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १२६. | | | |
| १२७. | | | |
| १२८ | | | |
| १२९. | | | |
| १३०. | | | |
| १३१. | | | |
| १३२. | | | |
| १३३. | | | |
| १३४ | | | |
| १३५. | | | |
| १३६. | | | |
| १३७. | | | |
| १३८. | | | |
| १३९. | | | |
| १४० | | | |
| १४१ | | | |
| १४२ | | | |
| १४३ | | | |
| १४४ | | | |
| १४५ | | | |
| १४६ | | | |

| क्र.स. | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १४७ | | | |
| १४८ | | | |
| १४९ | | | |
| १५० | | | |
| १५१. | | | |
| १५२. | | | |
| १५३. | | | |
| १५४ | | | |